**नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७**

नेपाल इन्जिनियरिङ्ग परिषद् (पहिलो संशोधन) नियमावली, २०६४
संशोधन लागू मिति २०६४।२।१७
नेपाल इन्जिनियरिङ्ग परिषद् (दोस्रो संशोधन) नियमावली २०६९
संशोधन लागू मिति २०६९।०३।१५
नेपाल इन्जिनियरिङ परिषद् (तेस्रो संशोधन) नियमावली, २०८०

संशोधन लागू मिति २०८०।०२।०२

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल इन्जिनियरिङ्ग परिषद्ले नेपाल सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यी नियमहरुको नाम नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

क) 'ऐन' भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ सम्झनु पर्छ।

* **"(क१) "परीक्षा" भन्नाले ऐनको दफा १४ बमोजिम समितिले सञ्चालन गर्ने ईन्जिनियरिङ्ग व्यवसायी दर्ता परीक्षा सम्झनु पर्छ।"**

ख) 'दर्ता' भन्नाले इन्जिनियरिङ्ग सेवा/व्यवसाय गर्ने परिषद्को दर्ता कितावमा नाम दर्ता गरिने कार्य सम्झनु पर्छ ।

ग) 'साधारण दर्तावाला इन्जिनियर' भन्नाले नियम ८ बमोजिम दर्ता किताबमा नाम दर्ता गराउने इन्जिनियर सम्झनु पर्छ ।

घ) 'व्यवसायिक इन्जिनियर (प्रोफेसनल इन्जिनियर)' भन्नाले परिषद्ले तोके बमोजिमका इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर डिग्री, स्नातकोत्तर डिप्लोमा उपाधि प्राप्त गरी नियम ९ बमोजिम दर्ता किताबमा नाम दर्ता गराउने इन्जिनियर सम्झनु पर्छ ।

ङ) 'गैर नेपाली दर्तावाला इन्जिनियर' भन्नाले नियम १० बमोजिम दर्ता किताबमा नाम दर्ता गराउने गैर नेपाली इन्जिनियर सम्झनु पर्छ ।

---

* तेस्रो संसोधन द्वारा थप

च) 'प्रमाणपत्र' भन्नाले नियम ११ बमोजिमको नाम दर्ताको प्रमाणपत्र सम्झनु पर्छ ।

छ) 'शिक्षण संस्था' भन्नाले इन्जिनियरिङ्ग विषयमा स्नातक, स्नातकोत्तर डिग्री, स्नाकोत्तर डिप्लोमा वा सो सरहका प्रमाणपत्र तथा अन्य उपाधीहरुमा अध्ययन अध्यापन गराउने उद्देश्यले स्थापना भएको शिक्षण संस्था सम्झनु पर्छ।

ज) 'व्यावसायिक आचार संहिता' भन्नाले नियम १८ बमोजिम निर्धारित व्यवसायिक आचार संहिता सम्झनु पर्छ ।

झ) 'जाँचबुझ समिति' भन्नाले नियम २० बमोजिम गठन भएको जाँचबुझ समिति सम्झनु पर्छ ।

ञ) 'आर्थिक वर्ष' भन्नाले कुनै सालको श्रावण १ गते देखि अर्को सालको आषाढ मसान्त सम्मको अवधि सम्झनु पर्छ ।

## परिच्छेद २
## नाम दर्ता सम्बन्धी व्यवस्था

**३. दर्ताको वर्गीकरणः**

इन्जिनियरिङ्ग सेवा/ व्यवसाय गर्न परिषदमा नाम दर्ता गर्ने प्रयोजनको लागि इन्जिनियरहरुलाई देहाय बमोजिम वर्गीकरण गरी निजहरुको नाम दर्ता किताबमा दर्ता गरिनेछः

क) साधारण दर्तावाला इन्जिनियर,

ख) व्यावसायिक इन्जिनियर,

ग) गैर नेपाली दर्तावाला इन्जिनियर ।

* "३क. **परीक्षा सञ्चालनः** (१) इन्जिनियरिङ्ग व्यवसायीको रुपमा परिषद्मा नाम दर्ता गर्ने प्रयोजनको लागि परिषद्ले देहायको परीक्षा लिनेछः-

(क)साधारण दर्तावाला इन्जिनियरको लागि लिखित परीक्षा,

(ख) व्यावसायिक इन्जिनियरको लागि लिखित परीक्षा, दक्षता मूल्याङ्कन परीक्षा र अन्तर्वार्ता।

(२) ऐनको अनुसूची बमोजिमको कुनै विषयमा स्नातक उपाधि हासिल गरेको व्यक्ति साधारण दर्तावाला इन्जिनियरको लागि र त्यस्तो कुनै विषयमा स्नातकोत्तर उपाधि हासिल गरी साधारण दर्तावाला इन्जिनियरको रुपमा कम्तीमा सात वर्षको कार्यानुभव भएको व्यक्ति व्यावसायिक इन्जिनियरको लागि लिईने परीक्षामा सहभागी हुन सक्नेछ।

(३) परिषद्ले परीक्षा सञ्चालनको वार्षिक कार्यतालिका तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको कार्यतालिका बमोजिम समितिले परीक्षा सञ्चालन गर्नको लागि कम्तीमा एक्काइस दिनको अवधि दिई सार्वजनिक सूचना मार्फत दरखास्त आह्वान गर्नेछ।

(५) उपनियम (४) बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र उपनियम (२) बमोजिमको योग्यता पुगेका व्यक्तिले देहायका कागजात तथा परिषद्ले निर्धारण गरे बमोजिमको परीक्षा दस्तुर संलग्न गरी साधारण दर्तावाला इन्जिनियरको लागि अनुसूची-२ बमोजिमको ढाँचामा र व्यावसायिक इन्जिनिरयको लागि अनुसूची-२क. बमोजिमको ढाँचामा परिषद्मा दरखास्त दिनु पर्नेछः-

(क) शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको प्रमाणित प्रतिलिपि,

---

* तेस्रो संसोधन द्वारा थप

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) समकक्षता आवश्यक पर्नेमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) कार्यानुभव आवश्यक पर्नेमा कार्यानुभव खुल्ने कागजात।

(६) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी उपनियम (५) बमोजिमको दरखास्त दिन सकिनेछ।

(७) उपनियम (५) वा (६) बमोजिम पर्न आएका दरखास्त उपर रजिष्ट्रारले ऐनको दफा १३ बमोजिम आवश्यक छानबिन गरी उपनियम (२) बमोजिमको योग्यता पुगेको देखिएमा त्यस्तो दरखास्त स्वीकृत गरी पन्ध्र दिनभित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम छानबिन गर्दा दरखास्तवालाले उपनियम (२) बमोजिमको योग्यता पूरा गरेको नदेखिएमा रजिष्ट्रारले सात दिनभित्र त्यस्तो दरखास्त अस्वीकृत गर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ।"

*__४. समितिको काम, कर्तव्य र अधिकारः__ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मर्यादित र निष्पक्ष रुपमा परीक्षा सञ्चालन गर्नको लागि मापदण्ड, आचारसंहिता, परीक्षाको पाठ्यक्रम, प्रश्नपत्र निर्माण, भण्डारण र छपाईको मापदण्ड तथा उत्तरपुस्तिका परीक्षण र मूल्याङ्कन सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्बाट स्वीकृत मापदण्डको आधारमा परीक्षा सञ्चालन गर्ने,

(ग) परीक्षामा सहभागी हुने उम्मेदवारहरुको सङ्ख्याको आधारमा लिखित परीक्षा सञ्चालन गर्नको लागि प्रचलित कानून बमोजिम स्थापित शिक्षण संस्थासँग समन्वय गर्ने,

(घ) परीक्षा उत्तीर्ण हुने दरखास्तवालाको नाम दर्ताको लागि परिषद्मा सिफारिस गरी सोको सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) परीक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुनिष्ठ बनाउन अन्य आवश्यक कार्य गर्ने।

+__५. समितिको बैठकः__ (१) समितिको संयोजकको निर्देशन बमोजिम समितिको सदस्य-सचिवले समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय समितिको संयोजक र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।"

**#६. (यो दफा खारेज गरिएको छ)**

---

* तेस्रो संसोधन द्वारा संसोधित

+ ऐ. द्वारा संसोधित

# ऐ. द्वारा खारेज

**७. दर्ता किताबः**

(१) ऐन तथा यस नियमावलीका अधीनमा रही परिषदमा साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्ने प्रयोजनको लागि अनुसूची— ३, ४ र ५ बमोजिमको ढाँचामा क्रमशः साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरको छुट्टा छुट्टै दर्ता किताब राख्नु पर्नेछ ।

(२) साधारण दर्तावाला इन्जिनियर र व्यावसायिक इन्जिनियरसँग सम्बन्धित दर्ता किताब नेपाली भाषामा राख्नु पर्नेछ र गैर नेपाली दर्तावाला इन्जिनियरसँग सम्बन्धित दर्ता किताब अंग्रेजी भाषामा राख्नु पर्नेछ ।

***८. साधारण दर्तावाला इन्जिनियरको नाम दर्ताः**

(१) परिषद्ले साधारण दर्तावाला इन्जिनियरको लागि लिईएको परीक्षा उत्तीर्ण गरी समितिले सिफारिस गरेका व्यक्तिको नाम साधारण दर्तावाला इन्जिनियरको रुपमा दर्ता किताबमा दर्ता गर्नेछ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा दर्ता गर्न पाँच हजार रुपैयाँ दस्तुर लाग्नेछ ।

**+९. व्यावसायिक इन्जिनियरको नाम दर्ताः** (१) परिषद्ले व्यावसायिक इन्जिनियरको लागि लिईएको परीक्षा उत्तीर्ण गरी समितिले सिफारिस गरेको व्यक्तिको नाम व्यावसायिक इन्जिनियरको रुपमा दर्ता किताबमा दर्ता गर्नेछ।

(२) उपनियम (१) बमोजिमको दर्ता किताबमा दर्ता गर्न बीस हजार रुपैयाँ दस्तुर लाग्नेछ।"

#**१०. गैर नेपाली इन्जिनियरको नाम दर्ताः** (१) नेपालको कुनै संस्थामा काम गर्न चाहने गैर नेपाली इन्जिनियरले गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा दर्ता किताबमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम दर्ता गराउनको लागि देहायको कागजात तथा एक हजार पाँच सय रुपैयाँ दरखास्त दस्तुर संलग्न गरी परिषद् समक्ष अनुसुची-५क. बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा काम गर्न चाहेको संस्थाको नाम र ठेगाना,

(ख) दरखास्तवालाले नेपालस्थित संस्थामा काम गर्नु परेको कारण, कामको विवरण र काम गर्ने अवधि समेत खुलाई गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्नको लागि त्यस्तो संस्थाको प्रमुखले गरिदिएको सिफारिस,

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) सम्बन्धित मुलुकको कानून बमोजिम इन्जिनियरिङ्ग व्यवसाय गर्न अनुमति लिनु पर्ने भएकाको हकमा त्यस्तो अनुमतिको प्रतिलिपि,

(ङ) इन्जिनियरिङ्ग क्षेत्रमा हासिल गरेको कम्तीमा दश वर्षको अनुभव खुल्ने कागजात,

(च) दरखास्तवालाको राहदानी र प्रवेशाज्ञाको प्रमाणित प्रतिलिपि।

तर राहदानी र प्रवेशाज्ञा आवश्यक नपर्ने मुलुकको गैर नेपाली इन्जिनियर भए सम्बन्धित मुलुकको सरकारी निकायबाट जारी भएको निजको परिचय खुल्ने कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

---

* तेस्रो संसोधन द्वारा संसोधित

+ ऐ. द्वारा संसोधित

# ऐ. द्वारा संसोधित

(३) उपनियम (२) बमोजिम प्राप्त दरखास्त उपर छानबिन गर्दा गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्न उपनियम (२) बमोजिमको योग्यता र अनुभव पुगेको देखिएमा तीस हजार रुपैयाँ दस्तुर लिई निजको नाम परिषद्ले नियम ७ बमोजिमको गैर नेपाली दर्तावाला इन्जिनियरको दर्ता किताबमा दर्ता गर्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्त उपर छानबिन गर्दा गैर नेपाली दर्तावाला इन्जिनियरको रुपमा नाम दर्ता गर्न योग्यता र अनुभव पुगेको नदेखिएमा परिषद्ले त्यस्तो दरखास्त अस्वीकृत गरी सोको जानकारी दरखास्तवालालाई दरखास्त अस्वीकृत भएको मितिले सात दिनभित्र दिनु पर्नेछ।

(५) गैर नेपाली दर्तावाला इन्जिनियरको नाम दर्ता गर्दा पहिलोपटक दुई वर्षको लागि गरिनेछ र काम लगाउने संस्थाको प्रमुखको सिफारिसमा परिषद्ले उपयुक्त ठानेमा एक पटकमा एक वर्षको अवधिभन्दा बढी नहुने गरी जतिसुकै पटक पनि त्यस्तो दर्ता नवीकरण गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम दर्ता नवीकरण गर्दा दर्ता दस्तुर सरह दस्तुर लाग्नेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गैर नेपाली दर्तावाला इन्जिनियर कार्यरत संस्थामा त्यस्तो गैर नेपाली इन्जिनियरको सेवा अवधि समाप्त भएमा निजको दर्ता स्वतः समाप्त हुनेछ।"

**११. प्रमाणपत्र दिनु पर्ने:**

* (१) नियम ८, ९ र १० बमोजिम दर्ता किताबमा नाम दर्ता भएको साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरलाई रजिष्ट्रारले क्रमशः अनुसूची-७, ८ र ९ बमोजिमको ढाँचामा नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

+ (२) .....

(३) नियम १० बमोजिम कुनै गैर नेपाली इन्जिनियरको नाम दर्ता किताबमा दर्ता भएको रहेछ भने त्यस्तो गैर नेपाली इन्जिनियर लाई अवधि तोकेर नाम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(४) यस नियम बमोजिम रजिष्ट्रारले प्रमाणपत्र दिंदा प्रमाणपत्र प्राप्त गर्ने इन्जिनियरसँग इन्जिनियरिङ्ग व्यवसाय प्रति इमान्दार, बफादार तथा कर्तव्यनिष्ठ रहने व्यहोरा उल्लेख भएको अनुसूची — ६ बमोजिमको ढाँचाको प्रतिज्ञापत्र गराउनु पर्नेछ ।

#**१२. <u>दर्ता सूची प्रकाशन गर्नेः</u>** परिषद्मा दर्ता भएका साधारण दर्तावाला इन्जिनियर, व्यावसायिक इन्जिनियर र गैर नेपाली दर्तावाला इन्जिनियरको छुट्टाछुट्टै नाम दर्ता सूची तयार गरी परिषद्ले प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।"

++१२क. **<u>दर्ता सूची अद्यावधिक गर्नेः</u>**

(१) नियम १२ बमोजिमको दर्ता सूचीमा उल्लिखित दर्तावाला इन्जिनियरको नाम देहायको अवस्थामा हटाई त्यस्तो दर्ता सूची अद्यावधिक गर्नु पर्नेछः-

(क)ऐनको दफा १८ बमोजिम दर्ता किताबबाट नाम हटाउने निर्णय भएमा,

(ख) दर्तावाला इन्जिनियरले दर्ता सूचीबाट आफ्नो नाम हटाई पाऊँ भनी निवेदन दिएमा,

(ग)दर्तावाला इन्जिनियरको मृत्यु भएमा।

---

* तेस्रो संसोधन द्वारा संसोधित

+ ऐ. द्वारा खारेज

# ऐ. द्वारा संसोधित

++ऐ. द्वारा थप

(२) कुनै दर्तावाला इन्जिनियरलाई ऐनको दफा ३० को उपदफा (४) को खण्ड (ख) वा (ग) बमोजिम सजाय भएमा सोही व्यहोरा जनाई परिषद्ले दर्ता किताब अद्यावधिक गर्नु पर्नेछ।"

***१३. (यो दफा खारेज गरिएको छ)**

[+]**१४. <u>पुनः नाम दर्ता गर्ने</u>:** ऐनको दफा २० बमोजिम पुनः नाम दर्ता गर्ने प्रयोजनको लागि ऐनको दफा १२ बमोजिम दरखास्त प्राप्त भई परिषद्ले पुनः नाम दर्ता गर्ने निर्णय गरेमा रजिष्ट्रारले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी देहायको ढाँचामा पुनः नाम दर्ता भएको प्रमाणपत्र दिनु पर्नेछः-

(क) साधारण दर्तावाला इन्जिनियरलाई नियम ८ बमोजिमको दस्तुर लिई अनुसूची-10 बमोजिमको ढाँचामा,

(ख) व्यावसायिक इन्जिनियरलाई नियम ९ बमोजिमको दस्तुर लिई अनुसूची-११ बमोजिमको ढाँचामा, र

(ग) गैर नेपाली दर्तावाला इन्जिनियरलाई नियम १० बमोजिमको दस्तुर लिई अनुसूची-१२ बमोजिमको ढाँचामा।"

## परिच्छेद — ३

## शिक्षण संस्था तथा शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यता

[#]**१५. <u>शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने</u>:** (१) ऐनको दफा २१क. बमोजिम इन्जिनियरिङ्ग विषयमा स्नातक, स्नातकोत्तर डिग्री, स्नातकोत्तर डिप्लोमा वा सो सरहका प्रमाणपत्र तथा उपाधिमा अध्ययन, अध्यापन गराउन चाहने शिक्षण संस्थाले त्यस्तो विषयको अध्ययन, अध्यापन गर्नु, गराउनु अघि देहाय बमोजिमको विवरण र परिषदले निर्धारण गरेको दस्तुर संलग्न गरी अनुसुची-१३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछः-

(क) इन्जिनियरिङ्ग विषय अध्ययन, अध्यापनको लागि कुनै विश्वविद्यालयबाट लिएको सम्बन्धन सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

(ख) इन्जिनियरिङ्ग विषय अध्ययन र अध्यापन सम्बन्धी आर्थिक र प्राविधिक प्रस्ताव,

(ग) अध्ययन, अध्यापन गर्न, गराउन प्रस्ताव गरेको इन्जिनियरिङ्ग विषयको विधा, तह र विद्यार्थी सङ्ख्याको विवरण,

(घ) विद्यार्थी भर्नाका आधार तथा शर्त, शैक्षिक कर्यक्रमको पाठ्यक्रम, शैक्षिक मापदण्ड र परीक्षा प्रणालीको विवरण,

(ङ) शिक्षण संस्था सञ्चालनको लागि आवश्यक कानूनी, प्राज्ञिक र शैक्षिक पूर्वाधारको विवरण,

(च) प्रस्तावित इन्जिनियरिङ्ग विषय अध्ययन, अध्यापनको लागि आवश्यक भौतिक स्रोत, साधन, जनशक्ति तथा पूर्वाधारको विवरण,

---

[*] तेस्रो संसोधन द्वारा खारेज

[+] ऐ. द्वारा संसोधन

[#] ऐ. द्वारा संसोधित

(छ) परिषद्ले निर्धारण गरेको अन्य विवरण।

(२) परिषद्ले उपनियम (१) बमोजिम प्राप्त निवेदन सहितको कागजात तथा विवरण जाँचबुझ गर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड पूरा गरे वा नगरेको सम्बन्धमा अध्ययन गर्ने वा गराउन तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न वा गराउन सक्नेछ।

(४) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा त्यस्तो शिक्षण संस्थाले शैक्षिक कार्यक्रम सञ्चालनको लागि परिषद्ले निर्धारण गरेको मापदण्ड र शर्त पूरा गरेको देखिएमा परिषद्ले त्यस्तो शिक्षण संस्थालाई अस्थायी मान्यता प्रदान गर्नेछ।

(५) उपनियम (४) बमोजिम अस्थायी मान्यता प्राप्त गरेको पाँच वर्षभित्र त्यस्तो शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको प्राज्ञिक र भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता सम्बन्धी मापदण्ड पूरा गरी परिषद्बाट स्थायी मान्यता प्राप्त गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको अवधिभित्र स्थायी मान्यता प्राप्त नगर्ने शिक्षण संस्थाको अस्थायी मान्यता रद्द गर्न ऐनको दफा २१ख. बमोजिम सिफारिस गर्नु पर्नेछ।"

### *१६. <u>शिक्षण संस्थाको अनुगमन र कारबाही</u>

(१) ऐनको दफा २१क. बमोजिम परिषद्बाट मान्यता प्राप्त इन्जिनियरिङ्ग विषय अध्ययन, अध्यापन गराउने शिक्षण संस्थाले परिषद्ले निर्धारण गरेको मापदण्ड तथा शर्तहरु पालना गरे नगरेको सम्बन्धमा परिषद्ले नियमित तथा आकस्मिक रुपमा अनुगमन गर्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा त्यस्तो शिक्षण संस्थाले पाठ्यक्रम, विद्यार्थी भर्नाका आधार, भौतिक पूर्वाधार लगायतको परिषदले निर्धारण गरेको शैक्षिक मापदण्ड तथा शर्त पूरा गरेको नदेखिएमा परिषद्ले त्यस्तो शिक्षण संस्थाको मान्यता रद्द गर्न ऐनको दफा २१ख. बमोजिम नेपाल सरकार वा सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम परिषदले शिक्षण संस्थाको मान्यता रद्द गर्न सिफारिस गर्नु अघि त्यस्तो शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको पढाईमा बाधा नपर्ने व्यवस्थाका लागि नयाँ विद्यार्थी भर्नामा रोक लगाउने, स्वीकृति निलम्बन गर्ने वा अन्य कुनै उपयुक्त उपाय अपनाउनु पर्नेछ।

(४) परिषद्बाट मान्यता प्राप्त नगरी सञ्चालित शिक्षण संस्थालाई ऐनको दफा ३० को उपदफा (२क) बमोजिम परिषद्ले देहाय बमोजिमको कारबाही गर्न सक्नेछः-

(क) पाँच वर्षसम्म ऐनको दफा २१क. बमोजिमको कुनै मान्यता प्रदान नगर्ने,

(ख) स्वीकृति रद्द गर्नको लागि सम्बन्धित विश्वविद्यालयलाई सिफारिस गर्ने।

(५) उपनियम (४) विपरीत सञ्चालित शिक्षण संस्थाबाट उत्तीर्ण हुने विद्यार्थीलाई नियम ३क. बमोजिमको इन्जिनियरिङ व्यवसायी दर्ता परीक्षामा सहभागी गराइने छैन।

(६) उपनियम (५) विपरीत सञ्चालित शिक्षण संस्थाका सञ्चालक तथा सम्बद्ध पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही गर्नको लागि परिषद्ले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(७) उपनियम (२) बमोजिमको सिफारिस बमोजिम मान्यता रद्द गरिएका वा उपनियम (४) बमोजिम कारबाही गरिएका शिक्षण संस्थाको विवरण तत्काल परिषदको वेबसाइटमा राख्नु पर्नेछ।

---

* तेस्रो संसोधन द्वारा संसोधित

***१७. शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिको मान्यताको लागि दरखास्त दिनेः**

(१) कुनै विदेशी शिक्षण संस्थाले आफूले प्रदान गरेको इन्जिनियरिङ्ग विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिका सम्बन्धमा परिषद्बाट मान्यता प्राप्त गर्न चाहेमा त्यस्तो त्यस्तो शैक्षिक योग्यतासँग सम्बन्धित पाठ्यक्रम, पाठ्य, घण्टा तथा तत्सम्बन्धी अन्य विवरण समेत संलग्न राखी परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) ऐन तथा यस नियमावली बमोजिम परिषद्ले मान्यता प्रदान गरी नसकेको कुनै विदेशी शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधि प्राप्त गरेका कुनै व्यक्तिले त्यस्तो शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिका सम्बन्धमा परिषद्बाट मान्यता प्राप्त गर्न चाहेमा त्यस्तो शैक्षिक योग्यतासंग सम्बन्धित पाठयक्रम पाठ्य घण्टा तथा तत्सम्बन्धी अन्य विवरण र शैक्षिक याग्यताको प्रमाणपत्र वा उपाधि र त्यसको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम मान्यताको लागि दरखास्त परेमा परिषद्ले ऐन, यस नियमावली तथा ऐन र यस नियमावली अन्तर्गत बनेका विनियमहरुका अधीनमा रही दरखास्तमा उल्लिखित इन्जिनियरिङ्ग विषयको शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्नेछ ।

(४) ऐन, यस नियमावली तथा ऐन र यस नियमावली अन्तर्गत बनेका विनियमहरुमा शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्ने सम्बन्धमा उल्लेख भएका प्रकृया तथा आधारहरु पूरा नगरेको कारणबाट उपनियम (१) वा (२) बमोजिम मान्यताको लागि शैक्षिक योग्यताको प्रमाणपत्र वा उपाधिलाई मान्यता दिन नसकिने भएमा परिषद्ले सो व्यहोरा उल्लेख गरी सम्बधित शिक्षण संस्था वा व्यक्तिलाई सो कुराको जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद — ४
## व्यावसायिक आंचार संहिताः

**१८. व्यावसायिक आचार संहिताः**

(१) दर्तावाला इन्जिनियरले ऐन वा यस नियमावलीमा उल्लेखित व्यवस्थाहरुका अधीनमा रही देहाय बमोजिमका व्यावसायिक आचार संहिता पालना गर्नु पर्नेछः—

(क)अनुशासन तथा इमान्दारिताः अनुशासित रुपमा इमान्दारिताका साथ पेशागत मर्यादा तथा हितको विपरित नहुने गरी इन्जिनियरिङ्ग सेवा ÷ व्यवसाय संचालन गर्नु पर्नेछ ।

---

* तेस्रो संसोधन द्वारा संसोधित

(ख) शिष्टता तथा गोपनीयताः इन्जिनियरिङ्ग व्यवसायसँग सम्बन्धित ग्राहकसँग व्यवसायको क्रममा शिष्ट व्यवहार गर्नु पर्नेछ र ग्राहकसँग सम्बन्धित व्यावसायिक जानकारीहरु ग्राहकको स्वीकृति बेगर अन्य कसैलाई प्रकट गर्नु हुदैँन । तर प्रचलित कानुन बमोजिम त्यस्ता जानकारी सम्बन्धित निकाय समक्ष प्रकट गर्न बन्देज लागेको मानिने छैन ।

(ग) भेदभाव गर्न नहुने ः व्यावसायिक ज्ञान र सिपको प्रयोग गर्दा धर्म, वर्ण, लिङ्ग र जाति वा अन्य कुनै पनि कुराको आधारमा ग्राहकहरु बीचमा कुनै पनि भेदभाव गर्नु हुंदैन ।

(घ) सम्बन्धित व्यावसायिक काम मात्र गर्नु पर्ने ः आफूले अध्ययन गरेको विषय वा हासिल गरेको ज्ञान सीपसँग सम्बन्धित क्षेत्रभित्रको व्यावसायिक काम मात्र गर्न वा तत्सम्बन्धी सुझाव वा सिफारिस गर्नु पर्नेछ । आफ्नो व्यवसाय क्षेत्रभित्र नपर्ने विषयसँग सम्बन्धित कामहरुका सम्बन्धमा सोसँग सम्बन्धित विशेषज्ञ कहाँ सिफारिस गर्नु पर्नेछ ।

(ङ) इन्जिनियरिङ्ग व्यवसायमा आँच आउने काम गर्न नहुनेः आफूले पु¥याएको सेवा वापत पाउने पारिश्रमिक भत्ता तथा सुविधा बाहेक अन्य कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा इन्जिनिरिङ्ग व्यवसायमा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्नु हुदैंन ।

(च) व्यक्तिगत उत्तरदायित्वः इन्जिनियरिङ्ग व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रुपमा उत्तरदायी हुने गरी गर्नु पर्नेछ ।

(छ) नाम, पद र दर्ता नं. खुलाउनु पर्नेः आफुले गर्ने इन्जिनियरिङ्ग व्यावसायिक कारोवारसँग सम्बन्धित लिखित, नक्सा, डिजाइन, स्पेसिफिकेशन, इष्टिमेत आदि कागजात तथा विवरणहरुमा आफ्नो हस्ताक्षर गर्दा आफ्नो नाम, पद र दर्ता नं. स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

(ज) अनावश्यक प्रभाव पार्ने किसिमबाट प्रचार प्रसार तथा विज्ञापन गर्न नहुनेः आफूले गर्ने व्यावसायिक क्रियाकलापहरुका सम्बन्धमा ग्राहक (क्लाईन्ट) हरुलाई अनावश्यक रुपले प्रभावित गर्ने किसिमबाट प्रचार प्रसार तथा विज्ञापन गर्नु हुदंैन ।

* (झ) बदनियत चिताई कुनै पनि काम गर्न, गराउन हुदैन,

+ (ञ) कुनै काम गर्दा लापरबाही वा हेलचेक्र्याइँ गर्न, गराउन हुदैन,

# (ट) कुनै परीक्षण गर्दा झुट्टा वा गलत प्रतिवेदन वा तथ्यभन्दा फरक पर्ने गरी प्रतिवेदन तयार गर्न वा सिफारिस गर्न, गराउन हुदैन।

(२) उपनियम (१) बमोजिम निर्धारित व्यावसायिक आचार संहिताको पालना गर्नु गराउनु सबै दर्तावाला इन्जिनियरहरुको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

(३) उपनियम (१) बमोजिम निर्धारित व्यावसायिक आचारसंहिताको पालना नगरेमा व्यावसायिक आचार संहिताको उल्लंघन गरेको मानिनेछ ।

---

* तेस्रो संसोधन द्वारा थप

+ ऐ. द्वारा थप

# ऐ. द्वारा थप

**१९. उजुरी गर्न सक्ने** :

कुनै दर्तावाला इन्जिनियरले ऐन वा यस नियमावलीको उल्लंघन गरेको वा नियम १८ मा उल्लिखित व्यावसायिक आचार संहिताको पालना नगरेको कुराका सम्बन्धमा सरोकारवालाले परिषद् समक्ष उजुरी दिन सक्नेछ ।

## परिच्छेद — ५

## जाँचबुझ तथा नाम हटाउने सम्बन्धी कार्यविधि

**२०. जाँचबुझ समितिको गठन** :

(१) कुनै दर्तावाला इन्जिनियरले नियम १८ मा उल्लेख भए बमोजिमको व्यावसायिक आचार संहिताको उल्लंघन गरेको वा दर्ता किताबमा धोखा वा गल्तीले योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुन गएको भन्ने कुरा नियम १९ बमोजिम परेको उजुरी वा अन्य कुनै माध्यमबाट परिषद्लाई जानकारी हुन आएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्को कुनै एक सदस्यको संयोजकत्वमा ती सदस्यीय जाँचबुझ समिति गठन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने अन्य सदस्यहरुमा कानूनक्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त व्यक्ति र नेपाल इन्जिनियर्स एशोसिएशनको प्रतिनिधि समेत रहनेछ ।

*२१. **बयान गराउने तथा सबूत प्रमाण पेश गर्न लगाउनेः**

व्यावसायिक आचार संहिता उल्लंघन गरेको वा ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग)बमोजिम योग्यता नपुगी नाम दर्ता किताबमा दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले बयान गराउन र निज उपर लागेको आरोपको विरुद्ध सबूत प्रमाणहरु पेश गर्न लगाउन सक्नेछ ।

**२२. सफाई पेश गर्न मौका दिनु पर्नेः**

+ (१)व्यावसायिक आचार संहिताको उल्लंघन गरेको वा ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग) बमोजिम योग्यता नपुगी नाम दर्ता किताबमा दर्ता गराएको आरोप लागेका व्यक्ति उपर जाँचबुझको क्रममा जाँचबुझ समितिले त्यस्तो व्यक्तिलाई कारवाही गर्न लागेको कारण उल्लेख गरी सो सम्बन्धमा आफ्नो सफाई पेश गर्न तीस दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिदा निज उपर लगाइएको आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम सफाई पेश गर्ने मौका दिइएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

---

* तेस्रो संसोधन द्वारा संसोधित

+ ऐ. द्वारा संसोधित

**२३. निलम्बन गर्न सक्नेः**

* (१) व्यावसायिक आचार संहिता उल्लंघन गरेको वा ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ग) बमोजिम योग्यता नपुगी नाम दर्ता किताबमा दर्ता गराएको आरोप लागेको व्यक्तिलाई जाँचबुझ समितिले जाँचबुझ प्रारम्भ भएको मिति देखि दर्तावाला इन्जिनियरबाट निलम्बन गर्न सक्नेछ । तर देहायको अवस्था नभई सामान्यतया निलम्बन गरिने छैनः—

(क) निलम्बन नगरी इन्जिनियरिङ्ग व्यवसाय गर्न दिदा झुट्टा सबूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायव/नष्ट गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी इन्जिनियरिङ्ग व्यवसाय गर्न दिंदा इन्जिनियरिङ्ग व्यवसायमा हानी नोक्सानी पु¥याउने सम्भावना देखिएमा ।

(२) उपनियम (१) बमोजिम कुनै दर्तावाला इन्जिनियरलाई निलम्बन गर्दा सामान्यतया दुई महिना भन्दा बढी अवधिको लागि निलम्बन गर्न हुदैंन । सो अवधिभित्र दर्तावाला इन्जिनियर उपर लगाईएको आरोपको सम्बन्धमा कारवाही किनारा लगाई सक्नु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा परिषद्को स्वीकृति लिई बढीमा एकमहिना सम्मको लागि निलम्वनको अवधि बढाउन सकिनेछ ।

(३) उपनियम (१) बमोजिम निलम्बन गरिएकोमा वा उपनियम (२) बमोजिम निलम्बनको अवधि बढाईएकामा सो कुराको जानकारी सम्बन्धित इन्जिनियर र निज कुनै संघ, संस्था वा कार्यालयमा कार्यरत भए त्यस्तो संघ, संस्था वा कार्यालयलाई समेत दिनु पर्नेछ । त्यसरी कुनै इन्जिनियरलाई निलम्बन राख्ने संघ, संस्था वा कार्यालयले पनि निजलाई कामबाट निलम्बन गर्नु पर्नेछ ।

**२४. दर्ता किताबबाट नाम हटाउन प्रस्ताव गनु पर्नेः**

(१) नियम २२ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट किन नहटाउने भनी निजलाई त्यस सम्बन्धमा स्पष्टीकरण पेश गर्न पुनः कम्तीमा तीस दिनको म्याद दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिंदा नियम २२ को उपनियम (३) बमोजिम पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यसको कारण समेत खुलाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्पष्टीकरण पेश गर्ने मौका दिएकोमा सम्बन्धित व्यक्तिले पनि म्यादभित्रै स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

**२५. जाँचबुझ समितिको प्रतिवेदनः**

(१) जाँचबुझ समितिले जाँचबुझको काम समाप्त गरेपछि परिषद् समक्ष आफ्नो प्रतिवेदन पेश गनुपर्नेछ ।

* तेस्रो संसोधन द्वारा संसोधित

* (२) उपनियम (१) बमोजिम पेश गरिने प्रतिवेदनमा प्रस्तावित सजाय गर्न पर्ने वा नपर्ने कारण सहितको आफनो राय तथा प्राप्त सबुत प्रमाण समेत संलग्न गर्नु पर्नेछ।

**२६. परिषद्ले निर्णय गर्ने ः**

(१) नियम २५ बमोजिम जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन परिष्दले अध्ययन गर्दा मूलतः आरोप लागेको व्यक्तिलाई नियम २२ र २४ बमोजिम क्रमशः सफाई र स्पष्टीकरण पेश गर्न पर्याप्त

मौका दिए नदिएको तथा निजले पेश गरेको सफाई र स्पष्टीकरण तथा सो साथ संलग्न प्रमाण र जाँचबुझ समितिले आफूले संकलन गरेको प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कन तथा विश्लेषण गरे वा नगरेको कुरा समेतलाई विचार गरी आरोप लागेको व्यक्तिले आरोपित कसूर गरे वा नगरेको सम्बन्धमा उचित मूल्याङ्कन गरी स्पष्ट कारण खुलाई निर्णय गर्नु पर्नेछ ।

**२७. निर्णयको जानकारी ः**

व्यावसायिक आचार संहिताको उल्लंघन गरेको वा ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको योग्यता नपुगी नाम दर्ता किताबमा दर्ता गराएको आरोपमा कुनै व्यक्तिको नाम दर्ता किताबबाट हटाउने गरी नियम २६ बमोजिम परिषद्ले निर्णय गरेमा त्यस्तो निर्णयको जानकारी सम्बन्धित व्यक्ति र निज कुनै संघ, संस्था वा कार्यालयमा कार्यरत भए त्यस्तो संघ, संस्था वा कार्यालयलाई समेत दिनु पर्नेछ ।

**२८. निलम्बन समाप्ती ः**

व्यावसायिक आचार संहिता उल्लंघन गरेको वा ऐनको दफा १८ को उपदफा (१) को खण्ड (ङ) बमोजिम योग्यता नपुगी नाम दर्ता किताबमा दर्ता गराएको भनी कुनै व्यक्ति उपर लागेको आरोप नियम २६ बमोजिम परिषद्बाट प्रमाणित भए वा नभएको अवस्थामा नियम २३ बमोजिम निलम्बन गरेको भए त्यस्तो निलम्बन स्वतः समाप्त भएको मानिनेछ ।

## परिच्छेद — ६
## कोष, लेखा तथा लेखा परीक्षण

**२९. कोष र खाताको संचालनः**

(१) ऐनको दफा २८ को उपदफा (४) बमोजिम परिषद्को कोषमा प्राप्त भएको रकम वाणिज्य बैंकमा जम्मा गर्ने प्रयोजनको लागि खोलिएको खाताको संचालन अध्यक्ष वा रजिष्ट्रार मध्ये कुनै एक जना र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषमा प्राप्त हुन आएको वा खातामा जम्मा रहेको रकम खर्च गर्ने तरिका तथा अन्य आर्थिक कार्यविधि सम्बन्धि व्यवस्था परिषद्को विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

---

* तेस्रो संसोधन द्वारा संसोधित

**३०. आय–व्ययको लेखाः**

परिषद्को आय—व्ययको लेखा परिषद्ले तोके बमोजिमको ढाँचामा राख्नु पर्नेछ । यसरी लेखाको ढाँचा तोक्दा दोहोरो लेखा प्रणालीको आधारमा परिषद्को आय—व्ययको लेखा राख्नु पर्ने गरी तोक्नु पर्नेछ ।

३१. लेखा परीक्षणः

(१) परिषद्ले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र परिषद्को लेखा परीक्षण गर्न प्रचलित कानून बमोजिम मान्यता प्राप्त लेखा परीक्षकलाई नियुक्त गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लेखा परीक्षकले परिषद्को लेखा परीक्षण गरी दिएको प्रतिवेदनको प्रतिलिपि परिषद्ले नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद — ७
## विविध

**३२. विवरण उपलब्ध गराउनु पर्नेः**

प्रत्येक दर्तावाला इन्जिनियरले नाम दर्ताको अभिलेख अद्यावधिक गर्ने प्रयोजनको लागि परिषद्ले तोके बमोजिमको ढाँचाको विवरण फाराम भरी परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

**३३. व्यवसाय छोडेमा वा ठेगाना बदलेमा सूचना गर्नु पर्नेः**

दर्तावाला इन्जिनियरले आफ्नो व्यवसाय छोडेमा वा ठेगाना बदलेमा छाडेको वा ठेगाना बदलेको पैतीस दिन भित्र परिषद्लाई सूचना गर्नु पर्नेछ ।

**३४. बैठक भत्ता तथा अन्य सुविधाः**

(१) परिषद्का सदस्य तथा ऐनको दफा ३२ बमोजिम गठन भएका विषय समिति तथा अन्य सदस्यहरुले परिषद् तथा समिति तथा उपसमितिको बैठकमा भाग लिन बापत परिषद्ले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(२) परिषद्का सदस्य तथा ऐनको दफा ३२ बमोजिम गठन भएका विषय समिति तथा अन्य समितिका सदस्यहरुले परिषद्ले तोके बमोजिमको अन्य सुविधाहरु समेत पाउनेछन् ।

**३५. रजिष्ट्रारको पारिश्रमिक तथा सुविधाः**

रजिष्ट्रारले विनियममा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

**३६. कार्यविधि तोक्न सक्नेः**

परिषद्ले ऐन तथा यस नियमावलीमा उल्लेख भए बमोजिमका काम कारबाहीहरु सुचारु रुपले संचालन गर्नको लागि आवश्यक कार्यवधि परिषद्ले निर्धारण गर्न सक्नेछ ।

**३७. अधिकारी प्रत्यायोजनः**

परिषद्ले ऐन तथा यस नियमावली बमोजिम आपूmलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकताअनुसार अध्यक्ष, सदस्य, रजिष्ट्रार वा कुनै विषय समिति तथा अन्य समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३८. अनुसूचीमा थपघट तथा हेरफेरः**

परिषद्ले नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको स्वीकृति लिई अनुसूचीहरुमा आवश्यकताअनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## *अनुसूची १

---

* तेस्रो संसोधन द्वारा झिकिएको

**+अनुसूची-२**

(नियम ३क. को उपनियम (५) सँग सम्बन्धित)

**साधारण दर्तावाला इन्जिनियरको दर्ता परीक्षाको लागि दरखास्तको ढाँचा**

न्जिनियरिङ्ग परिषद्

| | | | |
|---|---|---|---|
| कार्यालय प्रयोजनको लागि | | | |
| दर्ता नं . | | वर्ष | महिना |
| गते | | | |
| वर्गः | मिति | | |

हालसालै खिचिएको दुबै कान देखिने पासपोर्ट साइजको फोटो तथा फोटो र फर्ममा पर्ने गरी दस्तखत

श्री नेपाल इन्जिनियरिङ्ग परिषद्
काठमाण्डौ ।

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा १२ र नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ को नियम ३क. बमोजिम नेपाल इन्जिनियरिङ्ग परिषद्ले सञ्चालन गर्ने साधारण दर्तावाला इन्जिनियरको दर्ता परीक्षामा सामेल हुन देहाय बमोजिमको विवरण सहित दरखास्त पेश गरेको छु ।

१ .पूरा नाम र थरः-.......................................................................................

Name (In Block Letters) :-.......................................................................................

२. जन्म मितिः- (वि.सं.)................................... (ई.सं.).............................................

